# स्थानीय राजपत्र

## सिद्धार्थनगर नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९) सिद्धार्थनगर रुपन्देही, नेपाल, आषाढ २७, २०८२ साल

### भाग १

सिद्धार्थनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सिद्धार्थनगर, रुपन्देही, नेपालको

सूचना

नेपालको संविधान बमोजिम सिद्धार्थनगर नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्बत २०८२ सालको ऐन नं. १

**सिद्धार्थनगर नगरपालिकाको निर्माण व्यवसाय ऐन, २०७४ लाई प्रथम संशोधन गर्न बनेको ऐन, २०८२**

**प्रस्तावनाः सिद्धार्थनगर नगरपालिकाको निर्माण व्यवसाय ऐन, २०७४ लाई** लाई संशोधन वाञ्छनीय भएकोले, नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सिद्धार्थनगर नगरपालिकाको निर्माण व्यवसाय ऐन, २०७४ (प्रथम संशोधन) ऐन, २०८२ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. मुल ऐनको दफा ४ मा ४क थप गरी नामसारी तथा ठाउँसारी थप गर्नेः**

१. **यो ऐन जारी भएपश्चात नगरपालिकामा हस्तान्तरण भएका वा नगरपालिकाबाट ईजाजत प्रदान गरिएका "घ" वर्गको निर्माण व्यवसाय सम्बन्धी ईजाजतपत्रहरु अन्यत्र ठाँउसारी गर्न वा नामसारी गर्न चाहेमा दफा ११ बमोजिमको कार्यान्वयन समितिको सिफारिसमा तोकिए बमोजिम नामसारी वा ठाउँसारी गरिदिनेछ** भन्ने वाक्यांश थप गर्ने

**३. मूल ऐनको दफा ५ इजाजतपत्रको अवधि र नवीकरणमा संशोधनः**

१. मुल ऐनको दफा ५ को उपदफा ३ मा प्रतिवबन्धात्मक वाक्यांश थप गरी **तर, यो ऐन जारी भएपश्चात नगरपालिकामा हस्तान्तरण भएका वा नगरपालिकाबाट ईजाजत प्रदान गरिएका "घ" वर्गको निर्माण व्यवसाय सम्बन्धी ईजाजतपत्रहरु माथि उल्लेख भएको अवधि भित्र नवीकरण हुन नसकी म्याद गुजारेको अवस्थामा एक पटकको लागि मात्र दफा ११ बमोजिमको कार्यान्वयन समितिको सिफारिसमा नवीकरण गर्न सकिनेछ । यसरी नवीकरण गर्दा २०८२ असोज मसान्त भित्र नवीकरणको लागि निवेदन पेश गरेका ईजाजतपत्रहरुलाई आर्थिक वर्ष २०८२/०८३ सम्म तिर्नुपर्ने कुल दस्तुरमा शतप्रतिशत जरिवाना थप गरी २०८२ चैत्र मसान्त भित्र नवीरकरण गरिनेछ । यदि २०८२ चैत्र मसान्त भित्र नवीकरण हुन नसकेमा ती ईजाजतपत्रहरु पूर्णतः खारेज हुनेछन्"** भन्ने वाक्यांश थप गर्ने ।

**४. मुल ऐनको** दफा १२ कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार **मा संशोधनः**

१. निर्माण व्यवसायीलाई ईजाजतपत्र भन्ने वाक्यांश पश्चात **नामसारी, ठाउँसारी** शव्द थप गरी बाँकी वाक्यलाई साविक बमोजिम पूर्णता दिनु पर्ने ।

२. मुल दफा १२ मा मौजुदा व्यवस्था नभएकोले दफा १२ को क मा **क१** थप गर्नेः **"समितिले दफा ५ को उपदफा ३ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम म्याद गुजारेका ईजाजतपत्रहरुलाई नवीकरण गर्न आवश्यक छानविन गरी नगर कार्यपालिकाको कार्यालय समक्ष सिफारिस गर्नेछ"** भन्ने वाक्यांश थप गर्ने

आज्ञालेः<br>
जनक थापा<br>
प्रमुख प्रशासकीय अधिकृत